मिति २०८१/११/१८

च. नं.: ५००।०८१।०८२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : आठौं वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१।११।१५ मा बसेको सञ्चालक समितिको ३९ औं बैठकको निर्णय बमोजिम आ.व.२०८०/०८१ को आठौं वार्षिक साधारण सभा मिति २०८१।१२।०८ मा अनमोल बैंक्वेट, शंखमुल, नयाँ बानेश्वर, काठमाण्डौंमा बिहान ११:०० बजेबाट हुन गइ रहेको व्यहोरा तहाँको जानकारीको लागि अवगत गराउँदछौं ।

साथै साधारण सभा तथा बोनस शेयर तथा नगद लाभाशं प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८१ फाल्गुण २६ गते (एक दिन) बन्द गरिने समेत जानकारी गराइन्छ । मिति २०८१।११।१६ मा नागरीक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा आवश्यक कार्यार्थ अवगत गराउँदछौं ।

भवदीय,

सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड २०६४ काठमाडौं

प्रिती श्रेष्ठ
कम्पनी सचिव

**बोधार्थ :**

१. नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।
३. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. नेपाल सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
५. सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

SANIMA RELIANCE
LIFE INSURANCE
खुलेर जिऔं

# आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८१।११।१५ गते (तदनुसार २७ फेब्रुवरी २०२५) मा बसेको ३९ औं बैठकको निर्णयानुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित शेयरधनी महानुभावहरुलाई आफू स्वयम वा रीतपूर्वक प्रतिनिधि मार्फत उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८१ चैत्र ८ गते शुक्रबार (तदनुसार २१ मार्च, २०२५)
स्थान : अनमोल बैंक्वेट, शंखमुल, नयाँ बानेश्वर काठमाडौं ।
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली बमोजिम तयार गरिएको वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. ०८१।०८२ को लागि सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरिक्षक श्री जे.बी. राजभण्डारी एण्ड डिबीन्स, चार्टर्ड एकाउन्टेन्ट्स पुन: लेखापरिक्षक नियुक्त हुन योग्य रहनुभएको ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजी रु.४,९५,३०,६५,२२४।- (अक्षरेपी चार अर्ब पन्चानब्बे करोड तीस लाख पैंसाठी हजार दुई सय चौबीस मात्र) को ८ प्रतिशतका दरले हुने रकम रु.३९,६२,४५,२१८।- (अक्षरेपी उनन्चालिस करोड बैसाठी लाख पैंतालिस हजार दुई सय अठार मात्र) बराबरको नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा । बोनस शेयर तथा नगद लाभांशमा लाग्ने लाभांश कर आयकर ऐन, २०५८ को दफा ४७(क) बमोजिम हुनेछ ।

**(ख) विशेष प्रस्तावहरु :**

१. कम्पनीको अधिकृत पूँजी पाँच अर्ब दुई करोड कायम गर्ने सम्बन्धमा ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजी रु.४,९५,३०,६५,२२४।- (अक्षरेपी चार अर्ब पन्चानब्बे करोड तीस लाख पैंसाठी हजार दुई सय चौबीस मात्र) को १.२४८९ प्रतिशतका दरले हुने रकम रु.६,१८,५८,८३२।- (अक्षरेपी छ करोड अठार लाख अन्ठाउन्न हजार आठ सय बत्तीस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. प्रस्ताव नं १ मा प्रस्ताव गरे बमोजिमको बोनस शेयर वितरण पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी वृद्धि गरी रु.५,०१,४९,२४,०५६।- (अक्षरेपी पाँच अर्ब एक करोड उनन्चास लाख चौबीस हजार छपन्न) र चुक्ता पूँजी वृद्धि गरी रु.५,०१,४९,२४,०५६।- (अक्षरेपी पाँच अर्ब एक करोड उनन्चास लाख चौबीस हजार छपन्न) पुऱ्याउने र सोहि बमोजिम कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धमा ।

४. सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा.१०, नयाँ बानेश्वरबाट परिवर्तन गरी का.जि.का.म.न.पा. ०१, नक्साल, काठमाडौं कायम गरी सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

५. कम्पनी ऐन, २०६३ को दफा १०५(ग) बमोजिम आ.व. २०८०।०८१ मा सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि.बाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

६. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनैपनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

पुनश्च : सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अनुसूचीहरु समेतको पुस्तिका कम्पनीको प्रधान कार्यालय, नक्साल, काठमाडौं र साधारण सभाको दिनमा सभा स्थलमा उपलब्ध गराईनेछ ।

**द्रष्टव्य**

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभाहलमा प्रवेशको लागि हितग्राही नं खुल्ने आधिकारीक विवरण वा प्रकाशित प्रवेशपत्र वा आफ्नो कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ०९:३० बजे देखि खुल्ला रहनेछ । शेयरधनीको उपस्थितीबाट प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पुरा भएपश्चात सभाको कारवाही अगाडी बढाइने छ ।

३. साधारण सभा एवम् बोनस शेयर प्रयोजनार्थ कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८१।११।२६ गते (एक दिन) बन्द गरिनेछ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम भएका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन सक्नेछन् ।

४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सम्बन्धित शेयरधनीले निजको सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्ति (विभाजन नहुने गरी) रहने गरी प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी कम्तिमा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालय, नक्साल, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

५. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा नियमानुसार पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रतिनिधि (प्रोक्सी) व्यवस्था स्वत: बदर वा अमान्य हुनेछ ।

६. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

७. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वत: वदर हुनेछ ।

८. कुनै संगठित संस्था वा कम्पनीबाट शेयर खरिद गर्नेहरुको लागि सम्बन्धीत संस्थाको सञ्चालक वा कार्यकारी प्रमुखको हकमा संस्थाको अध्यक्ष र अन्य पदाधिकारी वा कर्मचारीको हकमा कार्यकारी प्रमुखले दस्तखत (सहीछाप) गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउने छन् ।

९. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधि फेरबदल गर्न चाहेमा कम्तिमा २४ घण्टा अगावै सोको सूचना कम्पनीको प्रधान कार्यालय, नक्साल, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सञ्चालकहरुले सामुहिक रुपमा अथवा अध्यक्षज्यूले तोकेको आधिकारीक व्यक्तिबाट उत्तर दिइनेछ ।

११. छलफलका विषय र सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

नोट :

१. साधारण सभासँग सम्बन्धित छलफलका विषयहरु कम्पनीको वेबसाइट www.sanimareliancelife.com मा पनि राखिएको हुँदा त्यँहाबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

२. थप जानकारीको लागि कम्पनीको प्रधान कार्यालय, नक्साल, काठमाडौं (टेलिफोन नं ०१-४७९७१२४) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।


**सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड**
नक्साल, काठमाडौं, नेपाल
०१-४७९७१२४ info@sanimarelianceLife.com www.sanimarelianceLife.com